# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७८ श्रावण, वर्ष १० अंक २ (डिजिटल अंक)



**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

Learn something new every day. Everyday new things are being introduced into this world, new ideas, new process, new ways, one must never stop exploring and should explore new ideas everyday.



**Mr. Pradyuman Pokharel**
**CEO**



**Mr. Samir Sekhar Bajracharya**
**DCEO**

When there is a lot of work, don't complain rather do something about it. Be grateful that there's work to do. You would never be able to grow if something becomes over easy or routine.



Mr. Til Bahadur Gurung
ADCEO

Success does not come overnight. So focus on improving every day. Strive for constant improvement, not perfection.

In the creative industry, hours are long. You must work hard to succeed. Explore and be inspired and make creative changes to your procedures, you never know you may strike a break thorough.



Mr.Govinda Bahadur Raut
ACEO



# सन्तान सुख !!!



संगीता ढकाल
केन्द्रीय कार्यालय, काठमाडौं

एक तमास टोलाईरहेका आँखा नजिकैको टेबलमा रहेको सिसाको गिलासमा पर्दछ, त्यो गिलास भित्रको पानीमा पर्दछ । "ए पानी त आधा पो र छ त" मन भित्र भित्रै सोच्छे स्मृति । फेरी टेबलमा प्याकेट बनाई राखेको बिहान र बेलुकाको उसका जिउने साहरा बनेका औषधीका गोलिमा आँखा पुग्दछन् । उफ ! फेरी औषधी खाने बेला भएछ । उसले सुस्केरा हाल्छे । टेबुलमा भएको पानीको गिलास बोकेर भान्छा कोठामा पुग्छे । खै किन हो ? आज उसलाई औषधीका पोका फुकाउन मन लागेको छैन । फेरी त्यही गिलासको पानीमा आँखा पुग्दछन् । सोच्छे आफ्नो जीवनमा भएका रिक्तता र पूर्णता बीचको अन्तरहरू मनभित्रै केलाई रहेकी छे । सायद उसलाई जीवनको भोगाईको अनूभूति र जीवन भोगाईले पारेर गएका छापहरू मानसपटलमा आएका छन् । ढोका बाहिर केटाकेटी बोलेको आवाजको कानमा ठोकिन्छ । त्यो भ्रमले उसलाई झन गहिराईमा पुऱ्याउँदछ । जुरूक्क उठेर ढोकामा पुग्छे सन्नाटा छ । छोराछोरी उफ्रिने आँगन निष्पट भएर एकतमास आकाश तिर हेरी रहेको छ । फर्किएर फेरी अघिकै ठाँउमा बस्छे । अनि भर्खरै भरेर ल्याएको पानीको गिलास जस्तै आफ्ना जीवनका रिक्तता र पूर्णता अनि तिक्ततालाई केलाउन थाल्छे, स्मृति । भनिन्छ एउटी नारीको जीवन तब पूर्ण हुन्छ जब उसले सन्तानलाई जन्म दिन्छे । त्यो पनि हैन रछ क्यारे । नारी त तब पूर्ण हुन्छे जब उसको साथमा आफ्नो सिंगो परिवार हुन्छ । आफ्ना सन्तान आफ्नै वरिपरि घुमिरहेका हुन्छन् । अरूको भन्दा स्मृतिको पूर्णता सम्बन्धी परिभाषा भिन्न नै छ । आज स्मृतिको श्रीमान्ले छाडेर गएको पनि धेरै वर्ष बिती सकेको छ । श्रीमान्ले छाडेर गए पछि छोराछोरीको लालनपालन शिक्षादिक्षाको लागि स्मृतिले के सम्म गरिन होला । बारी थियो-पैसा थिएन, बारी थियो -कमाउने मान्छे थिएन, काम लगायो-दिने पैसा थिएन, अर्म पर्म गर्दै छोराछोरीका आवश्यकता र घरको खर्च धान्नको लागि स्मृतिले अर्काको घरमा निमेक पनि गर्न छाडिन । पृथ्वी गोलो छ । पृथ्वीको हरेक कुनामा २४ घण्टामा एक पटक घाम लाग्छ अर्थात उज्यालो हुन्छ भन्ने भनाई र सत्यता जस्तै स्मृतिका सपना तब पुरा हुन्छन् जब छोराछोरीले राम्रो अंक ल्याएर पास हुँदै जान्छन् ।

समयले कसलाई पर्खिएको थियो र स्मृतिलाई पर्खिन्थ्यो । बाँसको मुना जस्तै छोराछोरी हुर्के बढे अनि आफ्ना आफ्ना पखेटा फिँजाएर उड्ने तरखरमा रहे । स्मृतिले उनीहरूको खुसीको लागि आफ्ना मनमा भएका कुनै पनि चाहनालाई प्रष्ट पारिन । उसलाई आश थियो जीवनको उत्तरार्धमा छोराछोरी आफ्नै आँखा अगाडि बस्नेछन् । उनीहरूको बालापनमा उनीहरूलाई आफूले पुऱ्याउन नपाएका सबै कुरा र चाहनाहरू उनीहरूको छोराछोरीमा छताछुल्ल पार्ने कल्पना र चाहना थियो । तर बिहे गरेर दिएकी छोरी पनि पिआर पाएर विदेश

हानिन्छे, छोरो पनि छात्रबृति पाएर विदेश नै हानिन्छ । त्यस पछि त स्मृति एक्लो जीवनको आखिरी दिनहरूको गन्ती गर्दै जान्छे । हृष्टपुष्ट उसको शरीर विस्तारै गल्दै जान्छ, छोराछोरी हुर्काउँदा र पढाउँदा दरिएको उसको शरीर अब विस्तारै कमजोर हुँदै जान्छ । काम गर्दै गर्दा पो शरीर मजबुत बन्दो रहेछ । मजबुती अवस्थामा रोगले पनि च्याप्न सक्दो रहेनछ । अब कसको लागि र के को लागि गर्नु त्यो मेहनत ? उसलाई काम गर्ने जाँगर पनि छैन । एक जनालाई खानको लागि कति नै चाहिन्छ र ? त्यही माथि पनि औषधीको भरमा जीवन बिताउनु पर्दा खान मिल्ने कुरा नै के हुन्छ र ? उमेर ढल्दै गए पछि लाग्ने रोग सबै स्मृतिलाई सुरू भई सकेका छन् । हप्तै पिच्छे अस्पताल जाने र औषधी नै बाँच्ने साहरा बन्दै गए स्मृतिका । छोराछोरी खुसी हुँदा, खुसी भनु भने उनीहरू खुसी छन् तर एक्लो जीवनको अनूभूतिमा नै उसको खुसी हो त ? केलाई सफलता मान्नु केलाई असफलता मान्नु ? छोराछोरीको खुसीलाई सफलता मानौं भने आफ्नो एक्लो जीवनलाई पनि त सफलता मान्नु पऱ्यो, स्मृति यस्तै यस्तै कुरामा आफ्ना धेरै समय बिताउन थालेकी छ आजभोलि ।

स्मृतिको सोचाईलाई भंग गर्दै आहाना कोठा भित्र प्रवेश गर्छे । मालिक्नी साब ! अझै औषधि खानु भएको छैन ? लौन ! यति भन्दै अहानाले टेबल माथिका औषधीका पोकाहरू खोल्न थाल्छे । यतिकैमा स्मृतिले आहनाका हातलाई रोक्न पुग्छे । हुन दे आहाना, अहिले एकछिन, स्मृतिले आहानाको हात समाएर तान्दै आफू बसेको ठाउँमा नै बसाल्छे । अहिले औषधी खाने मन नै छैन । एकछिनमा खाउँला । बरू, बाहिर आईजा त भन्दै घरको कौसीमा बोलाउँदै आफू अघि अघि जान्छे, स्मृति । आफ्नो आँखाले देखे जतिको पाखो देखाउँछे आहानालाई । ल हेर त ! हाम्रा छोराछोरी उ त्यो बारीमा कति रमाएर खेल्थे । त्यो बेला खेती लगाएको हुन्थ्यो । आँगनमा मात्र खेल भनेर कराउनु पर्दथ्यो । आज बारी बाँझै छ । कुनै खेतीपाती छैन । खेल्ने मान्छे पनि छैन । हेर त ! आहाना आज मेरा छोराछोरी यही बारीमा खेले हुन्थ्यो जस्तो लाग्छ । उनीहरू त पखेटा हालेर उडी सके । आज त्यो बाँझो बारी कमाउने मान्छे छैन । बारीमा खेल्ने मान्छे छैन । के रहेछ र जीवन हेर त ? स्मृतिको एकाग्रता तोड्नलाई आहानाले फेरी औषधी खाने समयको याद दिलाउँछे । खाना खाएको एक घण्टामा खाई सक्नुपर्ने औषधी अझै खानु भएको छैन । आउनुहोस्, औषधी खान आहानाले स्मृतिलाई भित्र बोलाउँछे । यतिकैमा फोनको घण्टी बज्छ । स्मृतिले आहानालाई संकेत गर्दछे तर स्मृति फोन उठाउन जाने जाँगर नै गर्दिन । स्मृतिले फोनको वेवास्ता गरेको आज पहिलो पटक हो । आहाना आफै त्यो फोन उठाउन जान्छे । ला फोन त, कटिसकेछ । स्मृतिलाई आज कुनै वास्ता नै छैन । सधैं फोनको एक घण्टी मात्रले पनि निकै उत्सुकता जाग्ने स्मृतिको आज कुनै प्रतिक्रिया छैन । उसको छेउमै बसेर आहाना मोबाईल चलाउन थाल्छे । एक्कासी घुँक्क घुँक्क गर्दै स्मृति आँखाबाट बर्रर आँशु झार्न थाल्छे । आहाना केही बोल्न सक्दिन । आज स्मृतिको मनमा धेरै नै तुफान बढीरहेको छ । आहानाका सान्त्वनाका शब्दहरूले स्मृतिलाई विष्फोट बनाउँदछ । केही क्षण पश्चात टेबुल माथिको पानीको गिलास हातमा लिंदै स्मृतिले त्यो गिलास तर्फ हेर्छे । यो गिलासको पानी कुनै बेला तिर्खा मेट्नको लागि खाईन्थ्यो । आज रोग मेट्ने औषधीका गोलिहरू निल्नको लागि पिउने गरिएको छ । यही गिलासको एकछिन अगाडिको आधा गिलास पानी जस्तै आधा गिलास पानी भन्ने कि, आधा खाली गिलास भन्ने ? यस्तै भयो मेरो जीवन, आज मैले सपनामा छोराछोरी र उहाँलाई देखें । सबै जना एकै ठाँउमा कति रमाईलो भएको, त्यो पल । एक्कासी बिउँझिँदा आफू एक्लै, त्यही नमिठो अनुभवले मलाई एक्लो बनाएको छ आहाना, स्मृति आफ्नो सपना सुनाउँदै भन्छे । मान्छेले र दौडधुप गऱ्यो, सन्तानको लागि सुखलाई आफ्नो सुख भन्यो, सन्तानको आँखामा आँशु बग्दा आफ्नो मुटुमा चिरा पाऱ्यो, सन्तानको खुट्टामा ठेस लाग्दा आफुलाई पिडा हुन्थ्यो । यो सबै केका लागि रहेछ र आहाना ?

हिजो मलाई छोराछोरीको साथमा बस्ने, उनीहरूलाई आफ्नो काखमा लिने, अंगालो मारेर दिन भर बस्ने, कति रहर लाग्थ्यो । मसंग समय थिएन । उनीहरूसंगै रमाईलो ठाउँमा घुम्न जान कति मन गर्दथ्यो, तर स्मृतिसंग पैसा थिएन । छोराछोरीलाई घरमा एक्लै छाडेर आफू मेलापात अर्मपर्म जानु पर्दथ्यो । छोराछोरीलाई हतारमा खाना खुवाएर रूवाउँदै छोड्नु पर्ने बाध्यता थियो । छोराछोरीलाई पिछा छुटाउनको लागि गाली गरेर घरमा छाड्नु पर्ने थियो । उनीहरूका ईच्छा पुरा गर्नको लागि स्मृतिसंग प्रसस्त रकम थिएन । अरूका छोराछोरीले राम्रो लगाएको देख्दा, मीठो खाएको देख्दा स्मृतिको मन भक्कानिन्थ्यो । आज स्मृतिसंग पैसा छ, सम्पत्ति छ, प्रसस्त जग्गा जमिन छ, आलिसान बंगाला छ, आहाना छ, तर त्यो घरमा खेल्ने बस्ने परिवार छैन । खेतबारी प्रसस्त छ, त्यसलाई कमाएर उब्जाउ गर्ने मान्छे छैन । पैसा छ, खर्च गरेर रमाउने मान्छे र ठाँउ छैन । समय छ, साथ छैन । स्मृतिको मनमा भएका सारा बोझहरूलाई आहाना केवल अनुमान गर्न मात्र सक्थी भोगेर आएकी त स्मृति मात्र थिई ।

आज हरेक नेपालीको अवस्था यस्तै हुँदै गएको छ, आहाना, स्मृति आहाना तर्फ फर्किदैं भन्छे, छोराछोरीको सफलतामा खुसी हुने हरेक बाबुआमाको पिडा हो आज नेपालको यो । म त एक पात्र मात्र हुँ, आहाना । गाउँमा घरहरू खण्डहर भएका छन्, कुप्री परेका बृद्धबृद्धा मात्र छन् । उनीहरू विरामी हुँदा औषधि खान दिने आफ्नो मान्छे छैन, आज नेपालमा । मर्ने बेला एक मुठी पानी मुखमा हाल्ने आफ्ना सन्तान छैनन्, आज नेपालमा । विदेशमा बसेर डलर कमाएका छन् । महँगा गाडीमा सवार भएका छन्, छोराछोरी । तर बाबुआमा मर्ने बेला एक थोपा पानी मुखमा राख्न त परै जाओस् मरे पछि मुख हेर्न आउन पाउने अवस्था पनि छैन । गाउँका खेतबारी सबै बाँझै छन् । ती खेतबारीको हेरचाह गर्ने मान्छे छैन । त्यो सम्पत्तिलाई आफ्ना सन्तानलाई जिम्मा लगाउने अन्तिम ईच्छा मनमा लिएर झिनो आशमा बितेका छन् सबैका दिनहरू । के सिंगो नेपालका गाउँहरू अब बृद्धाश्रम मात्र हुने हो त आहाना ?? एकादुई परिवारका सन्तानहरू नेपालमा भए पनि, गाउँ फर्किन मान्दैनन् । सन्तान सुख भनेको यही हो कि के रहेछ ? सन्तानको खुसीमा खुसी हुने हो भने बुढेसकालमा औषधी खाने पानी दिने मान्छे पनि आफ्ना नहुने रहेछन् । सन्तानको सुखमा रमाउने हो भने बृद्धावस्था त केवल एक्लो अनि औषधीको साहरा मात्र रहेछ हैन त ? स्मृतिले सिंगो देशको चित्रण गर्दै आहानालाई प्रश्न माथि प्रश्न गर्न थाल्छे । आहाना अनुत्तरित मुहारमा एकोहोरो स्मृतिलाई हेरी मात्र रहन्छे ।



# मेरो पाइला



नगेन्द्र राज पौडेल
अनुगमन अधिकृत, पोखरा, कास्की

परिवर्तनको लागि आर्थिक लडाईँ लड्नु छ,
समग्र समृद्धिको मुकुटको लागि अगाडी बढ्नु छ ॥
कान्तीको सारा हतियार भिरेर,
परिवर्तनको सन्देश बोकेर,
आर्थिक लडाईँ लड्नु छ मलाई,
समृद्धिको मुकुट ल्याउनु छ मलाई ॥
कर्मचारी म मुक्तिनाथको, पाइला कहिल्यै रोकिन्न,
बाहिरी कुनै अवरोधले छेकेर छेकिन्न ।
परिवर्तनको बाटोमा, पैसाको महत्व बुझाउँदै,
सहकार्य सँगै थप व्यवसायिक बनाउँदै ।
परिवर्तनको लागि आर्थिक लडाईँ लड्नु छ,
समग्र समृद्धिको मुकुटको लागि अगाडी बढ्नु छ ॥
बाँझो भूमिमा उर्वरता थप्न अगाडी बढ्नु छ,
विदेशिएका युवालाई कृषिमा फर्काउन तयारी गर्नुछ ।
किनकि, परिवर्तनको लागि आर्थिक लडाईँ लड्नु छ,
समग्र समृद्धिको मुकुटको लागि अगाडी बढ्नु छ ॥

# सम्झन्छु





लिलनाथ अधिकारी (कपिल)
शाखा कार्यालय, कटारी, उदयपुर

कहिलेकाँही म मेरो आँखाको नानी सम्झन्छु,
उमेरको मातमा गरेका ती बेईमानी सम्झन्छु ।
जिन्दगीलाई रमाईलैमा बिताउनु पर्ने रैछ यार,
लोभ लाग्दो थियो त्यो बेलाको जवानी सम्झन्छु ।
मलाई देखे पछि उनी नजिक नजिक हुने गर्थिन्
उनी संगै हुँदा खेरी मुस्कुराउने बानी सम्झन्छु ।
शहरको गल्ली गल्लीमा भौतारीन त मन थिएन,
काँधमा जिम्मेवारी अनि गोजीको राहदानी सम्झन्छु ।





# चाँदीको बहार !

## १० ग्राम चाँदीको सिक्का जित्ने मौका

मुक्तिनाथ बैंकको MNBBL TELE ग्रुपमा बैंकको CUG SIM Holders ले दर्पण पोल (Darpan Poll) नामक पोलमा सोधिएको प्रश्नको सही उत्तर दिएर ५ भाग्यशाली कर्मचारीहरूले १० ग्रामको चाँदीको सिक्का जित्न सक्नु हुनेछ ।

विस्तृत जानकारीका लागि MNBBL TELE नियमित हेर्नुहोला ।

## विकास बैंक पनि रू. १ अर्ब भन्दा बढी नाफा कमाउन सफल

नेपालको विकास बैंकहरू मध्ये नं. १ बनेको मुक्तिनाथ विकास बैंकले आ.व. २०७७/७८ तेस्रो त्रैमास (२०७७ चैत्र मसान्त) सम्मको वित्तीय विवरण प्रकाशित गरेको छ । प्रकाशित तेस्रो त्रैमाससम्मको वित्तीय विवरणको आधारमा नेपालको बैंकिङ्ग ईतिहासमा विकास बैंकहरू मध्ये खुद नाफा रू. १ अर्ब बढी गर्न सफल पहिलो विकास बैंक बनेको हो ।




## फेसबुकबाट भेरिफाइड

मुक्तिनाथ विकास बैंकको फेसबुक पेज औपचारिक रूपमा फेसबुकले भेरिफाइड गरेको छ । बैंकको पेजमा अब ब्लू टिक (Blue Tick) देख्न सकिनेछ । यस्तो ब्लु टिकले फेसबुक पेजको आधिकारिकता पुष्टी गर्ने गर्दछ ।




## २२ र २३ मा मिस्ड कल

मुक्तिनाथ विकास बैंकले ग्राहकहरूको सुविधाको लागि मिस्ड कल बैंकिङ्ग (Missed Call Banking) सेवा सञ्चालनमा ल्याएको छ । ग्राहकहरूले यस मिस्ड कल बैंकिङ्ग सेवाबाट बैंकको निक्षेप तथा कर्जा सम्बन्धी सेवाहरूको बारे जानकारी लिन सक्नेछन् । यो सुविधा लिन ग्राहकहरूले निम्न मोबाइल नम्बरहरूमा कार्यालय समय भित्र मिस्ड कल गर्नुपर्ने छ र केही समयमै बैंकबाट सोही नम्बरमा सम्पर्क गरिनेछ ।

- निक्षेपसंग सम्बन्धित सेवाको लागि ९८०१११००२२
- कर्जासंग सम्बन्धित सेवाको लागि ९८०१११००२३

## सम्पूर्ण शाखा तथा केन्द्रीय कार्यालय गुगल प्लस कोडमा

मुक्तिनाथ विकास बैंकले आफ्नो सबै कार्यालयहरूको स्थान पहिचान गर्न सहज होस भन्ने अभिप्रायले गुगल प्लस कोड सार्वजनिक गरेको छ । यो कोड गुगल नक्सामा टाईप गरे पछि सो कार्यालय रहेको स्थान सजिलै पहिचान गर्न सकिन्छ । यस्तो कोड अद्यावधिक गर्ने नेपालको पहिलो बैंक हो । गुगल प्लस कोड, गुगल नक्सामा आधारित जीपीएस प्रणालीले स्थान जनाउने कोड हो । सो कोडको प्रयोगले खोजेको स्थानको ढोका सम्मै पुग्न सकिन्छ । यो व्यवस्थाले बैंकको कार्यालय सम्म पुग्न चाहने महानुभावहरूलाई अझ सहज हुनेछ । यो कोड सम्बन्धित कार्यालयमा फोन गरेर वा बैंकको वेवसाईटमा शाखाको विवरण रहेको स्थानमा हरेक शाखाको कोडहरू उपलब्ध गराइएको छ । उदाहरणको लागि केन्द्रीय कार्यालयको गुगल प्लस कोड यस प्रकार रहेको छ : 7MV7P85C+QP .



## 'वीच्याट-पे' भुक्तानी सेवा

मुक्तिनाथ विकास बैंकले डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न छिमेकी मुलुक चीनको प्रख्यात भुक्तानी सेवा 'वीच्याट-पे' संग साझेदारी गरेको छ । उक्त सम्झौतामा बैंकको तर्फबाट सहायक नायव प्रमुख कार्यकारी अधिकृत श्री तिल बहादुर गुरूङ्ले हस्ताक्षर गर्नुभएको थियो । यो सम्झौता पछि वीच्याट-पे मोवाईल वालेट प्रयोगकर्ताहरूले मुक्तिनाथ विकास बैंक अन्तर्गतका मर्चेन्टहरूमा राखिएको क्यूआर कोड स्क्यान गरी डिजिटल रूपमा रकम भुक्तानी गर्न सकिने व्यवस्था मिलाईएको छ । चीनमा निकै लोकप्रिय रहेको वीच्याट-पे मार्फत नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटक वा व्यापारीहरूले विभिन्न सामाग्री तथा सेवा खरिदको रकम भुक्तानी गर्न सक्नेछन् ।




## 'Ask Mukti Bhai' भर्चुअल सहायता सेवा

मुक्तिनाथ विकास बैंकले डिजिटल माध्यमको प्रोत्साहन तथा ग्राहकहरूको सुविधाको लागि Ask Mukti Bhai लागि नामक भर्चुअल (अनलाइन) सहायता सेवा आफ्नो वेबसाइटमा सञ्चालनमा ल्याएको छ । ग्राहकहरूले यस भर्चुअल सहायता (Virtual Assistant) सेवा मार्फत छिटो, छरितो र सहजरूपमा बैंकको प्रडक्ट र सेवाका साथै बैंकसँग सम्बन्धित जानकारी, सेवाग्राहीहरूको जिज्ञासाहरूको बारेमा जानकारी प्राप्त गर्न सक्नेछन् । यो सेवा इन्टरनेटको पहूँचमा रहेका व्यक्तिले २४ सै धण्टा लिन सक्नेछन् । आर्टिफिसियल इन्टेलिजेन्समा (Artificial Intelligence) आधारित यो च्याटवट (Chatbot) सेवा डिजिटल बैंकिङ्को अत्याधुनिक पद्धतीबाट सञ्चालनमा ल्याइएको हो ।




## नेपाल यातायातमा QR सेवा

मुक्तिनाथ विकास बैंकले डिजिटल कारोबारलाई उच्च प्राथमिकता दिंदै नेपालको यातायात क्षेत्रमा पनि QR मार्फत भुक्तानी लिने कार्यको सुरूवात गरेको छ । काठमाडौं उपत्यका भित्र सञ्चालनमा रहेको नेपाल यातायातले संम्झौता गरी क्यूआर कोड मार्फत भाडा भुक्तानी लिने कार्य सुचारू गरेको छ ।

नेपाल यातायातको बसमा यात्रा गर्ने यात्रीहरूले बसमा भएको मुक्तिनाथ विकास बैंकको क्यूआर कोड स्क्यान गरी डिजिटल रूपमा भाडा वापतको रकम भुक्तानी गर्न सक्नेछन् । यातायात क्षेत्रमा यो व्यवस्था गर्नाले खुद्रा पैसा सटहीको समस्या नहुने, नोटको हिफाजत हुने, साथै कोरोनाबाट जोगिन सहयोग पुग्ने विश्वास लिइएको छ ।



## दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई सहयोग

मुक्तिनाथ विकास बैंक लिमिटेडले सामाजिक उत्तर दायित्व अन्तर्गत दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई आर्थिक सहयोग गरेको छ । यस संस्थाले व्यास नगरपालिकाका विभिन्न वडाहरूमा खानेपानी उपलब्ध गराउँदै आएको छ । यस सहयोगबाट संस्थाले जनजीवनमा शुद्ध र सफा खानेपानी उपलब्ध गराउन, पानी टंकी संरक्षण गर्न, अनधिकृत व्यक्ति तथा जनावरको प्रवेश र प्रदुषणबाट जोगाउन व्यास -४ जुडिपानीमा रहेको खानेपानी प्रशोधन केन्द्रमा आवश्यक तारबार गर्ने भएको छ ।



## क्यूआर सेवा अटो रिक्सामा पनि

मुक्तिनाथ विकास बैंकको क्यूआर सेवा अटो रिक्सामा पनि सूरू भएको छ । गोपिगंज, टाँडी, धनकुटा र काँकरभिट्टाको विभिन्न रूटमा चल्ने अटो रिक्साहरूमा क्यूआर कोडबाट भाडा भुक्तानी गर्न मिल्ने भएको छ । यस सेवाबाट रिक्सा चालक तथा यात्रु दुबैले लाभ लिन सक्नुहुनेछ ।

# हाम्रो सहकार्य



यस विकास बैंकले विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । बैंकले विभिन्न व्यवसायिक संस्थाहरूसँग सहकार्य गरी ग्राहकहरूलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने ब्यवस्था गरेको छ ।

## ग्राहकहरूलाई विशेष छुट

| क्र.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % सम्म |
|---|---|---|---|
| १ | काठमाडौं नेचुरोप्याथी हस्पिटल | टोखा, काठमाडौं | १५ |
| २ | NEPMEDS प्रा.लि | गुहेश्वरी, काठमाडौं | १० |
| ३ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |
| ४ | इजि केयर प्रा.लि. | काठमाडौं | १२ |
| ५ | ओम समाज डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ६ | चिरायु नेशनल हस्पिटल | रिङ्गरोड, काठमाडौं | १५ |
| ७ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा.लि | वालुवाटार, काठमाडौं | १० |
| ८ | सुमेरू सिटि हस्पिटल | पुल्चोक, ललितपुर | १० |
| ९ | डक्टर्स अन कल | अनामनगर, काठमाडौं | २० |
| १० | मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि | पोखरा | १० |
| ११ | सेन्ट्रल डायगोनास्टिक ल्याबरेटोरी | कमलपोखरी, काठमाडौं | १५ |
| १२ | सुरिया हेल्थ केयर प्रा.लि | लाजिम्पाट, काठमाडौं | १० |
| १३ | DRISHTI आई केयर सेन्टर प्रा.लि | काठमाडौं | २० |
| १४ | KROWN ल्याबरेटोरी एण्ड रिफरल सेन्टर | भाटभटिनी, काठमाडौं | २५ |
| १५ | भिजन कन्सर्न अप्टिकल एण्ड आइ क्लिनिक | चावहिल, काठमाडौं | ५ - २५ |
| **क्र.सं.** | **होटेल / रिसोट** | **ठेगाना** | **छुट % सम्म** |
| १ | सिद्धार्थ ग्रुप अफ हस्पिटालिटी | तीनकुने, काठमाडौं | १० |
| २ | बाजेको सेकुवा | गैरीधारा, काठमाडौं | १० |
| ३ | ल्याण्डमार्क होटलस् रेसोर्ट एण्ड स्पा | काठमाडौं, पोखरा, चितवन | १५ |
| ४ | जाम्बाला रेसोर्ट प्रा.लि | खोटाङ, हलेसी | १५ |
| ५ | ओदान रेष्टुरेन्ट एण्ड लज | बाँसबारी, काठमाडौं | १५ |
| ६ | धुलिखेल माउन्टेन रेसोर्ट प्रा.लि | धुलिखेल, बनेपा | १० |
| ७ | स्तुपा रेसोर्ट प्रा.लि. | नगरकोट, भक्तपुर | १५ |
| ८ | संगम सुइट्स | काठमाडौं | १५ |
| ९ | होटेल सब्रिना | हात्तिगौडा, काठमाडौं | १० |
| १० | सुकुटे भ्याली रिसोर्ट | सिन्धुपालचोक | १० |
| ११ | द फर्न रेसिढेन्सी, होटेल चितवन | चितवन | १५ |
| **क्र.सं.** | **गहना पसल** | **ठेगाना** | **छुट % सम्म** |
| १ | देव कर्नर ज्वेलरी | काठमाडौं | ३० |

## सम्झौता

| क्र.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | iDE Nepal | ललितपुर |
| २ | SEDRA-II | ललितपुर |
| ३ | CSISA | ललितपुर |
| **क्र.सं.** | **स्कूल** | **ठेगाना** |
| १ | मल्पी इन्टरनेसनल कलेज | काठमाडौं |



### वित्तीय जागरण कार्यक्रम

मुक्तिनाथ विकास बैंक लि.ले "आजको आवश्यकता, सबैमा वित्तीय साक्षरता" भन्ने मूल आशयले विगत ८ वर्ष देखि निरन्तर विभिन्न स्थानहरूमा वित्तीय साक्षरता तथा जागरण सम्बन्धी कार्यक्रम सम्पन्न गर्दै आएको छ । वित्तीय साक्षरता कार्यक्रमबाट वित्तीय कारोबारबारे चेतना जगाउने, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमूलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरणको लागि बीमाको प्रयोग, सफा नोट सभ्यताको प्रतिक, बैंक तथा वित्तीय संस्थाहरूको प्रकार लगायतको विषयमा वित्तीय चेतनाको अभिबृद्धि गराउने मुख्य उद्देश्य रहेको छ । हालसम्म बैंकले सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रममा ४६,०५६ स्थानीय तथा विद्यार्थीहरू सहभागी भैसकेका छन् । यो कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिईने छ ।







## तालिम तथा गोष्ठी

मुक्तिनाथ विकास बैंकले विभिन्न प्रकारका तालिमहरू (अनलाईन तथा फेस टु फेस) सञ्चालन गरेको र सहभागिता जनाएको छ । यस अवधिमा Operational Risk and Account Management, Credit and Customer Relationship Management, Recovery Related Training, AML/CFT लगायत कुल १४९ ओटा तालिमहरू सञ्चालन गरेको थियो । साथै अन्य संघसंस्थाद्वारा आयोजित २१ ओटा तालिममा बैंकको कर्मचारीहरूको सहभागिता रहेको थियो ।

> "The Beautiful thing about learning is that nobody can take it away from you"
>
> -B.B.King





# आजको बचत

## भोलिको सुनौलो भविष्यको लागि



उच्च ब्याजदर

देशभरी नै शाखा सञ्जाल

नेपाल भरिका कुनै पनि बैंकको ATM बाट रकम निकाल्दा शुल्क नलाग्ने

- VISA ATM कार्ड
- मोबाइल बैंकिङ्ग
- इन्टरनेट बैंकिङ्ग
- एबिबिएस सुविधा

मुक्तिनाथ विकास बैंक

MUKTINATH BIKAS BANK

Member of
Global Alliance for
Banking on Values









मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020